apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका


# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्ष: १२ ● अंक: १२९ ● पृष्ठ: ४ ● १३ जेठ २०८३ बुधबार (27 May 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/




वीरगञ्जका मेयर सिंह फेरि विवादमा, पत्राउ पुर्जीले तातायो राजनीति र निजी विवाद

समाचार पृष्ठ ३

## सिरहामा शासकीय सुधार श्रृखला-१०

## सुदृढ भएर सेवा प्रवाह गर्न सह–सचिव डा भूसालको आग्रह

रुन्केश कामती/अपन दैनिक
सिरहा, जेठ १२ गते



सिरहामा शासकीय सुधार श्रृखाल-१० अर्न्तगत सरोकारवालावीचमा व्यापक छलफल भएको छ।

जिल्ला प्रशासन कार्यालय सिरहाको आयोजनामा भएको कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्री परिषद् कार्यालयका सह-सचिव डा. भिष्म कुमार भूसालले नागरिकलाई सेवा प्रवाहमा सुदृढ र पारदर्षिता अपनाएर दिनुपर्ने बताएका छन् । जिल्ला समन्वय समितिको सभाहलमा आयोजित छलफलमा सहसचिव डा भूसालले वर्तमान सरकारले अघि सारेको सकारात्मक प्रयासहरुलाई साथ दिदै जिल्लास्थित सरकारी कार्यालयहरु र स्थानीय सरकारले सेवा प्रवाह गर्नुपर्नेमा जोड दिएका छन् । सरकारले नयाँ थिति बसाउने गरी काम गरिरहेको भन्दै उनले भने,...अब यताउताको कुरा गरेर हुँदैन, नागरिकलाई सेवा प्रवाहमा दृढतापूर्वक अघि वढ्नुपर्छ।'

वन स्टेप सर्भिसको कुरामा जोड दिदै सरकारले नागरिकलाई सरकारी सेवामा भौतारिनु पर्ने अवस्थाको अन्त गर्ने गरी नीति, कानूनहरु परिमार्जन गर्दै अघि वढेको र कयौं कानूनहरु पनि परिवर्तन गर्न लागेको सहसचिव भूसालले बताएका छन् । सो छलफलमा विभिन्न व्यक्तिहरुले जिल्लाको समस्याहरुवारे ध्यानाकर्षण गराएका थिए । धनगढीमाई नगरपालिकाका मेयर शिवशंकर महतोले करारका कर्मचारको कारणले पनि पालिका संचालनमा समस्या भईरहेको, कार्यालय सहयोगीको भरमा वडा कार्यालयहरु संचालन गर्नुपरेको गुनसाे गरेका थिए । पत्रकार अर्जुन थपलियाले अहिले पनि १० प्रतिशत कमिसन बुझाएर योजना लिने गरेको अवस्था रहेको, अख्यितारको भूमिका आर्थिक असुलीमा केन्द्रित भएकोले बालने सरकारलाई नै नागरिकले आशाको केन्द्र मानेको बताएका थिए ।

पत्रकार जिवछ उदासीले कर्मचारीको तलब कति र उनीहरुले कति खर्च गरिरहेको विषयमा पनि प्रधानमन्त्री कार्यालयले विशेष ध्यान दिनुपर्ने र भ्रष्टाचारको न्यूनकरण गर्न काठमाडौंबाट नै सुरु गर्नुपर्ने बताएका

बाँकी पृष्ठ २ ▸▸

## सिरहासहित ७ जिल्लामा फैलियो दादुरा, छैन खोप लगाउने तयारी

अपन दैनिक संवाददाता
सिरहा, जेठ १२ गते




बंगलादेशले पछिल्ला दशकहरूकै सबैभन्दा ठूलो दादुरा महामारी सामना गरिरहँदा नेपालमा पनि एकपछि अर्को दादुरा प्रकोप फैलिइरहेको छ।

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको खोप शाखाका अनुसार पुसयताका ६ महिनामा सिरहा, सर्लाही, बागलुङ, महोत्तरी, कालीकोट, दैलेख र अछामसहितका ७ जिल्लाका विभिन्न स्थानका सयौं बालबालिका दादुरा भाइरसबाट संक्रमित भएका छन्।

उनीहरूका अनुसार दादुरा फैलिएको क्षेत्रमा रहेका सबै बालबालिकालाई तत्काल खोप लगाइनुपर्छ, जुन महामारी नियन्त्रणको अनिवार्य सर्त र अभ्यास हो। यसो गर्दा भाइरस थप फैलन र जटिलता रोक्न मद्दत गर्छ। तर, सर्लाही र बागलुङको ढोरपाटन नगरपालिकामा मात्र विषेश खोप कार्यक्रम सञ्चालन गरिएको छ।

महामारी नियन्त्रणका लागि चाहिने थप खोप नहुँदा स्वास्थ्य निकायहरूले आवश्यक खोप अभियान सञ्चालन गर्न सकेका छैनन्।

पुसमा दादुरा प्रकोप देखिएलगत्तै स्वास्थ्य अधिकारीहरूले दातृ निकायसँग आवश्यक खोप माग गरेका थिए । तर बंगलादेशमा फैलिएको ठूलो प्रकोपका कारण दातृ निकायहरूको ध्यान त्यतातिर बढी गएकाले नेपाल प्राथमिकतामा नपरेको स्वास्थ्य मन्त्रालयका एक अधिकारीले बताए।

बाँकी पृष्ठ ४ ▸▸

## मधेशमा मन्त्रिमण्डलले पायो पूर्णता

## कांग्रेसमा गगनलाई 'सरप्राइज', एमालेका तीन सांसदले लिए शपथ

अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ १२ गते




लामो समयदेखिको रस्साकस्सी र मन्त्रालय बाँडफाँटको विवादपछि मधेश प्रदेश सरकारको मन्त्रिमण्डलले अन्ततः पूर्णता पाएको छ । मुख्यमन्त्री कृष्ण प्रसाद यादवले सत्ता साझेदार दलबीच सहमति जुटेपछि मन्त्रिमण्डल विस्तार गरेका हुन्।

नेकपा (माओवादी केन्द्र) ले अर्थ मन्त्रालयमा दाबी कायम राखेपछि सरकार विस्तारको मिति पटक-पटक तय भएर पनि स्थगित हुँदै आएको थियो। तर सत्ता साझेदार नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच १५ बुँदे समझदारीपत्रमा लिखित सहमति भएपछि सरकार विस्तारको गाँठो फुकेको हो।

नयाँ सहमतिअनुसार सरकारलाई ९ सदस्यीय बनाउने भनिएपछि, सरकारले श्रावणपछि मात्रै सो सहमति कार्यान्वयनमा ल्याउने भनिएको छ। अहिले १० सदस्यीय रहेको मन्त्रिपरिषद्को आकार रहेको छ। मन्त्रालय बाँडफाँटमा कांग्रेसलाई ३ र एमालेलाई र नेकपालाई ४/४ मन्त्रालय पाएको छ।

साथै, सहमति अनुसार नेपाली कांग्रेसका कृष्ण प्रसाद यादवको सरकारलाई चुनावसम्ममै यो सरकारलाई निरन्तरता दिने सहमति पनि सत्तागठबन्धनमा भएको छ।

बाँकी पृष्ठ ४ ▸▸

## छोटी भन्सार हटाएको विरोधमा सिरहामा मसाल जुलुस, प्रधानमन्त्रीको पुतला दहन

अपन दैनिक संवाददाता
सिरहा, जेठ १२ गते



सिरहाको बरियारपट्टी क्षेत्रमा रहेको छोटी भन्सार कार्यालय सरकारले हटाएपछि स्थानीयवासी आक्रोशित बनेका छन्। उक्त निर्णयको विरोधमा स्थानीयवासी तथा व्यवसायीहरूले प्रधानमन्त्रीको पुतला दहन गर्नुका साथै मसाल जुलुस समेत निकालेका छन्।

विरोध प्रदर्शनका क्रममा सहभागीहरूले सरकारविरुद्ध नाराबाजी गर्दै छोटी भन्सार पुनर्स्थापना गर्न माग गरेका थिए । उनीहरूले भन्सार हटाउँदा स्थानीय व्यापार, रोजगारी तथा राजस्व संकलनमा गम्भीर असर परेको बताएका छन् । मंगलबार साँझको समयमा निकालिएको मसाल जुलुसमा ठूलो संख्यामा स्थानीयवासीहरूको सहभागिता रहेको थियो। प्रदर्शनकारीहरूले सरकारको निर्णय तुरुन्त फिर्ता लिन चेतावनी दिएका छन्।

वडा अध्यक्ष तथा आन्दोलन संयोजक विनोद यादवले कडा प्रतिक्रिया दिँदै सरकारको निर्णयप्रति असन्तुष्टि जनाएका छन् । उनले जनताको पक्षमा उभिने बताउँदै आवश्यक परे राजीनामा दिन तयार

बाँकी पृष्ठ ३ ▸▸

महिला हिंसा

हिंसाले भत्काउछ सम्बन्ध सारा,
मायाले जोडछ परिवार सारा ।

आदर बढाऔं, रिस घटाऔं,
महिला हिंसा रहित
सुन्दर परिवार बनाऔं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### बेरूजु घटाउन प्रभावकारी काम गर

मधेश प्रदेश संघीयता संस्थागत गर्ने प्रदेशको रुपमा चिनिन्छ । मधेश प्रदेशले नै देशको संघीयताको आधारभूत मान्यतालाई स्थापित गर्न सकिरहेको छ । मधेश आन्दोलनबाट स्थापित भएको संघीयतालाई जोगाउने जिम्मेवारी पनि मधेश प्रदेशको काँधमा वढी छ । त्यही भएर मधेश प्रदेशले देशको अन्य प्रदेशको तुलनामा वढी काम गर्नुपर्ने र जवाफदेहिता वढी वहन गर्नुपर्ने जिम्मेबारीमा छ । त्यस विपरीत मधेश प्रदेश आर्थिक अनुशासनमा कमजोर देखिएको छ । मधेश प्रदेश सरकारमा मन्त्रालय र मातहतका कार्यालयहरूले सार्वजनिक खर्चमा वित्तीय अनुशासन पालना नगर्दा वेरुजु बर्सेनि बढ्दै गएको छ । आर्थिक वर्ष २०८१/८२ मा तयार पारिएको महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदनमा मधेश प्रदेश सरकारको वित्तीय अनुशासन कमजोर हुँदा बेरुजु निकै बढेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०१६ को र प्रचलित कानुनबमोजिम रीत नपुर्‍याई कारोबार गरेको, लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

आर्थिक वर्ष २०८१/८२ को मधेश प्रदेश सरकारका मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट एक अर्ब ८७ करोड ३३ लाख ६१ हजार रुपैयाँ बेरुजु देखिएको छ । यो बेरुजु प्रदेशगत हिसाबमा सबैभन्दा वढी हो । महालेखा परीक्षकको ६३औं वार्षिक प्रतिवेदनले मधेश प्रदेश मात्र होइन, सातै प्रदेशमा बेरुजु रकम बढ्दो क्रममा रहेको देखाएको छ । तर मधेश प्रदेश सबैभन्दा अगाडि रहनु थप गम्भीर विषय हो । मधेशपछि कोशी, लुम्बिनी, गण्डकी र सुदूरपश्चिम प्रदेशमा पनि बेरुजु उच्च रहेको उल्लेख छ । अर्कोतर्फ, बागमती प्रदेशमा सबैभन्दा कम बेरुजु छ । बेरुजु बढ्नु प्रशासनिक कमजोरी मात्र होइन, यो सुशासनमाथिको गम्भीर प्रश्न हो । राज्यकोषबाट खर्च भएको रकम जनताको करबाट संकलित हुन्छ । त्यसैले प्रत्येक रुपैयाँ कानुनी प्रक्रिया, पारदर्शिता र प्रभावकारिताका आधारमा खर्च हुनुपर्छ । तर बेरुजु बढ्दै जानुले सार्वजनिक खर्चमा लापरवाही, अनियमितता तथा सम्भावित भ्रष्टाचारको संकेत गर्दछ ।

यसले नागरिकको राज्यप्रतिको विश्वाससमेत कमजोर बनाउँछ । त्यसैले मधेश प्रदेश सरकारले प्रतिवेदन सार्वजनिक भएपछि त्यसमा गर्नुपर्ने सुधारमा जोड दिनुपर्छ । बेरुजुको कारण पहिचान गरी दोषीमाथि कारबाही गर्नुपर्छ । आर्थिक प्रशासनलाई प्रविधिमैत्री, पारदर्शी र उत्तरदायी बनाइनुपर्छ । लेखा प्रणाली सुदृढ गर्दै खर्चअघि नै निगरानी र आन्तरिक नियन्त्रण प्रभावकारी बनाउन आवश्यक छ । साथै, कर्मचारी र जनप्रतिनिधिलाई वित्तीय अनुशासनसम्बन्धी तालिम तथा उत्तरदायित्वको दायरामा कडाइका साथ राखिनुपर्छ । सुशासनको आधार नै वित्तीय अनुशासन हो । यदि सार्वजनिक खर्चमा पारदर्शिता कायम गर्न सकिएन भने विकासका नाममा विनियोजित बजेट दुरुपयोग हुँदै जानेछ । त्यसैले मधेश प्रदेश सरकारले बेरुजु घटाउने कार्यलाई प्राथमिकतामा राख्दै जवाफदेही शासनको उदाहरण प्रस्तुत गर्नु पर्छ । यसका निम्ति थप जिम्मेवार भएर काम गर्नुपर्छ र बेरुजु घटाउनु पर्छ । कानूनी प्रकृया पुरा गरी बजेट खर्च गर्नुपर्छ । अनि मात्र प्रदेशले परिकल्पना गरेको संघीयतालाई बलियो बनाउन सकिन्छ ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# भ्याटमा दोहोरो दरको गृहकार्यमा सरकार, विज्ञ भन्छन्- उल्टो बाटो

✎ जनार्दन बराल




मूल्य अभिवृद्धि कर (भ्याट) लागू भएको तीन दशकपछि सरकारले व्यापक फेरबदलको गृहकार्य थालेको छ । अर्थ मन्त्रालयको उच्च स्रोतका अनुसार अहिलेसम्म एकल दरमा रहेको भ्याटलाई दोहोरो दरमा लैजाने गरी गृहकार्य भइरहेको हो ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेकै चाहना अनुसार मन्त्रालय र आन्तरिक राजस्व विभागले दोहोरो दर लगाउने तयारी थालेको स्रोतको दाबी छ । नेपालमा २०५४ साल मंसिर १ गतेदेखि मूल्य अभिवृद्धि दर लागू भएको थियो । त्यसबेला विद्यमान बिक्रीकर, होटेल कर, मनोरञ्जन कर, ठेक्का करलगायत करहरू खारेज गरी एकल करका रुपमा मूल्य अभिवृद्धि कर लागू गरिएको थियो ।

शुरुमा नेपालमा १० प्रतिशतको दरमा मूल्य अभिवृद्धि कर लगाइएको थियो । तर, माओवादी द्वन्द्वका कारण सरकारलाई स्रोतको समस्या परेपछि सरकारले २०६१ को माघबाट ३ प्रतिशतले बढाएर भ्याटलाई १३ प्रतिशत पुऱ्याएको थियो ।

नेपालमा भ्याट लागू भएदेखि नै एकल दरमा लाग्दै आएकोमा यसपटक त्यसमा परिमार्जन गरी दोहोरो दरमा लगाउन गृहकार्य गरिएको मन्त्रालय स्रोतको भनाइ छ । अर्थमन्त्री डा. वाग्लेकै पहलमा एक कार्यदलसमेत गठन गरी दोहोरो दरको भ्याट लागू गर्दा पर्ने प्रभाव, यसको कार्यान्वयनका चुनौती र यो लागू गर्न सकिने नसकिने विषयमा अध्ययन गराइएको स्रोतले बतायो ।

मन्त्रीले बनाएको कार्यदलले भ्याटको माथिल्लो दर १३ प्रतिशत नै कायम राखेर ४ वा ५ प्रतिशतको अर्को तह पनि थप गर्न सुझाव दिएको अर्थ मन्त्रालय स्रोतको भनाइ छ ।

मूल्य अभिवृद्धि कर कार्यान्वयन गर्दा एकदमै सीमित वस्तुमा मात्रै कर छुट दिइएकोमा अहिले त्यो सूची बढ्दै गएर एकदमै ठूलो भएको छ । हाल भ्याट छुटको सूचीमा रहेका अधिकांश वस्तुलाई ४ देखि ५ प्रतिशतको न्यून दरको भ्याटमा लैजाने गरी गृहकार्य भइरहेको जानकारी पनि स्रोतले दियो ।

मन्त्री डा. वाग्लेले यसरी दोहोरो दर कार्यान्वयन गर्न सकिन्छ कि सकिँदैन भनेर आन्तरिक राजस्व विभागलाई सोधेको र विभागले सकिन्छ भन्ने जवाफ दिएको स्रोतको भनाइ छ ।

त्यसपछि अर्थमन्त्री वाग्लेले कार्यान्वयनको तयारी थाल्न निर्देशन दिएका थिए ।

'नेपालमा भ्याट लागू भएको तीन दशकसम्म एकल दरमा नै यो लागू भयो । त्यो निकै राम्रो पक्ष रह्यो । तर, भ्याटको सिद्धान्तअनुरुप शुरुमा खाद्यान्न तरकारीलगायत एकदमै सीमित वस्तुमा भ्याट छुट दिने गरिएकोमा पछि त्यो सूची थप्दै लगेर भ्याटलाई नै कुरुप बनाइएको थियो,' मन्त्रालय स्रोत भन्छ, 'हाल भ्याट छुट दिएका अधिकांश वस्तु त्यो सूचीबाट हटाउने र तिनलाई एकैपटक १३ प्रतिशत भ्याटमा लैजानुको साटो ४-५ प्रतिशतको नयाँ दर लगाएर त्यहाँ राख्ने गरी गृहकार्य भइरहेको छ ।'

मूल्य अभिवृद्धि कर लगाउने पर्ने तर व्यवहारिक रुपमा लगाउन नसकिएका वस्तुहरू एवम् हाल विभिन्न कारणले दायरामा नरहेका क्षेत्रहरूमा ४-५ प्रतिशतको करको दर प्रयोग गर्ने गरी तयारी भएको स्रोतको दाबी छ ।

दुई दरमा कर लगाएपछि करदाताले कर फिर्ता पाउनुपर्ने रकम नगद नै फिर्ता गर्ने तयारी पनि सरकारले गरेको बताइएको छ ।

'२५ गते करदाताले विवरण हालेर कर तिरेपछि फिर्ता पाउनुपर्ने रकम रहेछ भने २६ गते नै करदाताको खातामा जम्मा गरिदिनु भन्ने अर्थमन्त्रीको निर्देशन छ,' स्रोतको दाबी छ ।

अहिले खरिद र बिक्रीबापतको कर समायोजन गर्दा करदाताले रकम फिर्ता पाउनुपर्ने रहेछ भने सरकारले त्यो रकम नदिने चलन छ । त्यसरी बाँकी रहेको रकम भविष्यमा तिर्नुपर्ने रकममा समायोजन गर्दै जाने प्रणाली अहिले कर प्रशासनमा अभ्यासमा छ ।

अहिले कर नलागेका वस्तुमा ४ वा ५ प्रतिशतको भ्याट लगाउँदा र खरिदमा तिरेको कर विक्रेताले फिर्तासमेत पाउँदा त्यसले मूल्यवृद्धि खासै नहुने विश्लेषण सरकारको छ । 'अहिले कर छुट भएका वा शून्य दरमा भ्याट लाग्ने क्षेत्रका करदाताले खरिदमा तिरेको भ्याट फिर्ता नपाउँदा उनीहरूको लागत बढेको छ । भोलि उनीहरू भ्याटको दायरामा आएपछि खरिदमा तिरेको भ्याट पनि फिर्ता पाउँछन्, त्यसो हुँदा लागत खासै बढ्दैन,' एक कर प्रशासकले भने ।

अर्थ मन्त्रालयको उच्च स्रोतका अनुसार, दोहोरो करबारे घनिभूत छलफल भए पनि निर्णय भने भइसकेको छैन । रास्वपा सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन शाहसमेतको सल्लाहमा अर्थमन्त्री वाग्ले यसबारे निर्णयमा पुग्ने चाहनामा रहेको स्रोतको दाबी छ ।

तर, कर विज्ञ तथा पूर्वकर प्रशासकहरूले चाहिँ दोहोरो वा बहुदरको मूल्य अभि वृद्धिकरले सरकार तथा करदाता दुवैको लागत बढ्ने मात्रै होइन, कर छली पनि बढ्ने दाबी गर्छन् । अहिले संसारभर भ्याट लागू भएका देशहरू एकल दरतर्फ गरिहेको र पहिल्यै यही प्रणाली लागू गरिरहेको नेपाल दोहोरो दरतिर जानु उल्टो बाटो भएको अर्थशास्त्री डा. रुप खड्का बताउँछन् । डा. खड्का नेपालमा मूल्य अभिवृद्धि करका एक आर्किटेक्ट हुन् । संसारका विभिन्न देशमा भ्याट कार्यान्वयन गरेका डा. खड्का भन्छन्, 'भारतले पनि विगतमा बहुदरमा जीएसटी लगायो, त्यसलाई घटाएर दुई दरमा ल्यायो । उसको गन्तव्य पनि एकल दर नै हो । संसारभर नमुना भनेर चिनिने न्यूजील्याण्डमा पनि एकल दर छ । त्यसो हुँदा हामीले पनि एकल दरलाई नै निरन्तरता दिनुपर्छ ।'

बहुदर लगाउनु कर सुधार नभएर प्रतिगामी कदम हुने उनको तर्क छ ।

आन्तरिक राजस्व विभागका पूर्व महानिर्देशक दीर्घराज मैनाली पनि दोहोरो दरको भ्याट लगाउँदा त्यसको कार्यान्वयन गर्न ठूलो प्रशासन चाहिने एवम् करदाताको पनि लागत बढ्ने बताउँछन् । 'अहिले भ्याट छुट दिने वस्तुको सूची धेरै लामो छ । त्यसलाई व्यापक रुपमा घटाउनुपर्छ । त्यसो गर्न लागिएको हो भने त्यो राम्रो हो । तर, दर नै दुईवटा बनाउँदा भने त्यसले कर अनुपालना लागत बढाउँछ । चुहावट पनि बढ्ने सम्भावना हुन्छ,' उनी भन्छन् ।

त्यति मात्रै होइन, दुई दरको भ्याट लगाउने नै हो भने पनि त्यसको तयारी राम्रोसँग गर्नुपर्ने उनी बताउँछन् ।

विभागकै अर्का पूर्वमहानिर्देशक पनि दुई दरको भ्याट लगाए त्यसले विकृति मात्रै थप्ने बताउँछन् । 'अहिले पनि उद्योगी व्यवसायीहरू आफूले उत्पादन गर्ने वा बिक्री गर्ने वस्तुलाई भ्याट नलाग्ने सूचीमा राखिदिनुपर्‍यो भन्दै सरकारका मन्त्री तथा उच्चपदस्थकहाँ जाने गर्छन् । त्यस्तै लबिइका कारण सरकारले कर छुट दिँदै गएर यस्ता वस्तुका सूची बढाएको बढायै गरेको छ । दोहोरो दर लगाउने हो भने बढी दर लाग्नेहरू त्यसलाई घटाउन लाग्नेछन्,' उनले भने, 'त्यसले झन धेरै विकृति बढ्नेछ ।'

बहुदरको भ्याट विगतदेखि नै निजी क्षेत्रले मागिरहेको छ । अहिले १३ प्रतिशत भ्याट लागिरहेका कतिपय वस्तुलाई त्यसभन्दा कम दर लगाउनुपर्ने उनीहरूको माग छ । 'सरकारले भ्याट छुटको सूचीमा रहेका वस्तु तथा सेवालाई थारै दरको भ्याट लगाउने भनेको छ । तर, व्यवहारमा चाहिँ १५ प्रतिशत लाग्नेहरूलाई चाहिँ तल्लो दरमा झार्ने प्रतिस्पर्धा हुन्छ,' नाम उल्लेख नगर्ने शर्तमा ती पूर्वमहानिर्देशकले भने ।

दुई दरको भ्याट लगाउने नै हो भने पनि यही बजेटमार्फत लगाउँदा तयारी नपुग्ने उनको तर्क छ ।

'दुई दर नै लगाउने हो भने पनि त्यसका लागि सिस्टम बनाउनुपर्‍यो । कुन वस्तुमा कति दर लाग्ने भनेर सेग्रिगेसन गर्नुपर्‍यो । क्रेडिट कुन दरमा दिने भन्ने तय गर्नुपर्‍यो । खाता कसरी राख्ने त्यो बनाइदिनुपर्‍यो । चैतमा बनेको सरकारले जेठ १५ मै दोहोरो दरको भ्याट कार्यान्वयन गर्छु भनेर साँच्चै लागेको हो भने यो अपरिपक्व भयो,' ती पूर्वमहानिर्देशकले भने ।

**निजी शिक्षा, स्वास्थ्य, महँगा तरकारी लगायतमा भ्याट लगाउने तयारी**

सरकारले दोहोरो भ्याट लगाउँदा अहिले छुटको सूचीमा रहेका निजी

बाँकी पृष्ठ ३ ▸▸

## आजको राशिफल

**मेष :** काममा केही चुनौती देखिए पनि मेहनत गर्दा समयको सदुपयोग हुनेछ ।

**बृष :** नयाँ ज्ञान सिक्ने मौका छ । व्यापार व्यवसायबाट लाभ हुनेछ । व्यावसायिक यात्रा सम्भावना छ ।

**मिथुन :** धैरेले बिश्वास गर्नेछन । सोचेको आटेको काममा सफलता मिल्नेछ ।

**कर्कट :** समय साथीभाईसंग रमाइलोमा बित्नेछ । सुखद समाचार सुन्न पाइनेछ ।

**सिंह :** प्रतिष्ठित काम गर्ने मौका छ । सन्तान वा अनुयायीले प्रसन्नता दिलाउनेछन ।

**कन्या :** प्रयत्न गर्दा बिग्रिएको सम्बन्ध र विगतका कमजोरीलाई सुधार गर्न सकिनेछ ।

**तुला :** नसोचेको धन लाभ हुन सक्छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो बनाउनेछ ।

**वृश्चिक :** आम्दानी प्रशस्तै बढ्नेछ । परिवारसंग मनमुटाव हुने देखिन्छ । आतिथ्यपूर्ण सम्मान पाइएला ।

**धनु :** सोचेको भन्दा आम्दानी धेरै हुँदा मन प्रसन्न रहनेछ । पढाई लेखाइमा प्रगति हुनेछ ।

**मकर :** ब्यापार ब्यबसायबाट त्यति लाभ मिल्नेछैन । पढाइ लेखाइमा प्रगति हुनेछ ।

**कुम्भ :** सम्पत्तिको लागि घर झगडा हुने देखिन्छ । साथीभाईको सहयोगले आत्मबल बढ्नेछ ।

**मीन :** आफ्नै प्रयासले काममा लाभ मिल्नेछ । स्वास्थ्यमा सुधार आउनेछ ।



राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।
ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

### सिरहामा शासकीय सुधार ............

थिए । जिल्लामा तस्करीमा सुरक्षा निकायको साठगाठ रहने गरेको, कर्मचारीहरु जवाफदेहिता वहन गर्न नसक्दा पालिकाहरुमा समस्याहरु देखिएको कुराहरु सहभागीहरुले राखेका थिए । सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले विहान ७ बजेदेखि साँझको ६ बजेसम्म काम गर्नुपरेकोले प्रशासकीय परीक्षण गर्नुपर्ने भन्दै खुला सीमा भएकोले तस्करी निमिटयान्न पार्न नसकिने बताएका थिए । सो छलफलमा जिल्लास्थित सरकारी कार्यालयका प्रमुख र प्रतिनिधि, पालिकाका निर्वाचित जनप्रतिनिधिदेखि प्रमुख प्रशासकीय अधिकृत, विभिन्न संघसंस्थाका प्रतिनिधि, पत्रकारहरुको सहभागिता रहेको थियो ।

# वीरगञ्जका मेयर सिंह फेरि विवादमा, पत्राउ पुर्जीले तातायो राजनीति र निजी विवाद




**अपन दैनिक संवाददाता**
**पर्सा, जेठ १२ गते**

पर्साको वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहविरुद्ध पक्राउ पुर्जी जारी भएपछि स्थानीय राजनीति तरंगित बनेको छ । नगरप्रमुख सिंहविरुद्ध जिल्ला अदालत पर्साले लिखत सम्बन्धी कसुर (किर्ते) मुद्दामा पक्राउ पुर्जी जारी गरेको हो।

अदालतले मंगलबार अनुसूची-२२ अनुसार पक्राउ गरी अनुसन्धान अघि बढाउन प्रहरीलाई अनुमति दिएको हो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् नायब उपरीक्षक (डीएसपी) हरिबहादुर बस्नेतका अनुसार अदालतबाट जारी भएको पक्राउ पुर्जी प्रहरी कार्यालयमा प्राप्त भइसकेको छ।

जिल्ला अदालतका श्रेस्तेदार प्रभाकर मल्लिकले पनि नगरप्रमुख सिंहविरुद्ध परेको चार मुद्दामध्ये लिखतसम्बन्धी कसुरमा पक्राउ अनुमति जारी भएको पुष्टि गरेका छन्।

सिंहले नक्कली कागजातको आधारमा अरूको छोरीलाई आफ्नो छोरी बनाइ नागरिकता जारी गराएको भनेर जाहेरी परेको थियो। सोही कसुरमा उनलाई पक्राउ गर्न अदालतले अनुमति दिएको हो।

वीरगञ्जका स्थानीय लियाकत अलीले दिएको जाहेरीका आधारमा अदालतले अनुसन्धानका लागि अनुमति दिएको हो। १३ साउन २०७५ मा वीरगञ्ज महानगरपालिका-३ का रुबिना श्रेष्ठले नेपाली नागरिकता प्राप्त गरेकी थिइन् । उक्त नागरिकतामा बुबाको नाम राजेशमान सिंह उल्लेख गरिएको थियो । पछि ८ फागुन २०७६ मा जिल्ला प्रशासन कार्यालय पर्साबाट त्यसको प्रतिलिपिसमेत जारी भयो । तर, नागरिकतामा आमाको नाम उल्लेख नभएको, जन्ममिति २०५९ असार ३० गते राखिएको तथा नगरप्रमुख सिंहको आधिकारिक पारिवारिक विवरणसँग मेल नखाएको भन्दै विवाद सुरु भएको थियो।

स्रोतहरूका अनुसार नगरप्रमुख सिंहको सार्वजनिक रूपमा चिनिएको परिवारमा श्रीमती अन्नपूर्णा मानन्धर र एक छोरा अनिशमान सिंह मात्र छन्। यही कारण अरूको सन्तानलाई आफ्नो छोरी देखाएर नागरिकता दिलाइएको आरोपले राजनीतिक र कानुनी दुवै रूप लियो।

ती युवती अहिले राहदानी बनाएर उच्च शिक्षाका लागि अस्ट्रेलिया पुगेको बताइएको छ । रुबिनालाई नागरिकता दिलाउन तत्कालीन वडा सदस्य तुफैल अख्तर ठकुराईले निमित्त वडाध्यक्षको हैसियतमा सिफारिस दिएका थिए। तर, तत्कालीन वडाध्यक्ष बैजुलाल स्वर्णकारले भने आफूलाई यसबारे जानकारी नभएको दाबी गरेका छन्।

उनका अनुसार वडामा नगरप्रमुखले आफ्नी छोरी भनी सिफारिस मागेको कुनै आधिकारिक विवरण फेला परेको छैन। यता जिल्ला प्रशासन कार्यालयले भने प्रक्रिया पुगेकाले नागरिकता जारी गरिएको जनाएको छ । नगरप्रमुख सिंहले यो प्रकरणबाट बाच्न विभिन्न कानुनी जालझेल गरेको आरोप लगाएको छ।

यो घटनाबारे जानकारहरूका अनुसार अनुसन्धान अघि बढेपछि नगरप्रमुख सिंहले दोस्रो विवाह स्वीकार गरेको बयान दिएका थिए। तर, त्यसको २४ घण्टानबित्दै कथित दोस्रो श्रीमती रीता भट्टराई सिंहले जिल्ला अदालत पर्सामा सम्बन्ध विच्छेद र अंशसम्बन्धी फिराद दर्ता गरिन्। फिरादपत्रमा रीताले विवाह दर्ता नभएको उल्लेख गरेकी थिइन्।

कानुनविद्हरूका अनुसार यही बुँदालाई आधार बनाएर सम्भावित कारबाहीबाट जोगिन प्रमाण निर्माण गर्ने प्रयास भएको आशंका गरिएको छ। मधेश प्रदेशका एक मात्र वीरगञ्ज महानगरका प्रमुखमाथि पक्राउ पुर्जी जारी हुनुलाई ठूलो राजनीतिक घटनाका रूपमा हेरिएको छ।

## भ्याटमा दोहोरो दरको गृहकार्यमा ..............

क्षेत्रले प्रदान गर्ने शिक्षा स्वास्थ्य, महँगा तरकारी, फलफूल, प्रशोधित खाद्यान्नलगायतमा भ्याट लगाउने तयारी गरेको छ। यस्ता वस्तु तथा सेवामा हाललाई तल्लो दरको भ्याट लगाउनेबारे छलफल भइरहेको स्रोतको दाबी छ।

'दोहोरो दर कार्यान्वयनमा गयो भने तल्लो तहको दरमा यी वस्तु तथा सेवामा कर लाग्न सक्छ, एकल दर नै रह्यो भने पनि ती वस्तु तथा सेवामा १३ प्रतिशत नै कर लाग्ने सम्भावना छ,' स्रोतको दाबी छ।

भ्याट छुट दिएका वस्तुको सूचीमा व्यापक कटौती गर्ने मनस्थितिमा अर्थमन्त्री भएकाले अहिले भ्याट छुट भएका अधिकांश वस्तुमा कर लाग्ने सम्भावना रहेको अर्थ मन्त्रालय स्रोतको दाबी छ।

तर, खाद्यान्न, दाल चामल, तरकारी, माछा, ताजा मासु, वित्तीय सेवा, बीमा, दूधदही, मल, नून, सार्वजनिक यातायात, सरकारी सेवालगायत क्षेत्रमा भने भ्याट छुट निरन्तर कायम रहने दाबी पनि स्रोतको छ।

**५० लाखको थ्रेसहोल्डलाई बढाउने तयारी**

अहिले ५० लाखभन्दा बढी वस्तु कारोबार गर्ने व्यवसायी भ्याटमा दर्ता हुनुपर्ने व्यवस्था छ। त्यस्तै, सेवा व्यापार गर्ने तथा वस्तु तथा सेवा दुवैको व्यापार गर्ने व्यवसायीहरूको वार्षिक कारोबार ३० लाखभन्दा बढी भए त्यस्ता व्यवसायी पनि भ्याटमा दर्ता हुनुपर्ने व्यवस्था छ। यो सीमालाई पनि बढाउनेबारे छलफल भइरहेको स्रोतको दाबी छ।

'त्यसलाई बढाएर कति पुऱ्याउने भन्ने विषयमा टुंगो लागेको छैन। तर, बढाउने तयारी चाहिँ छ,' स्रोतले दाबी गऱ्यो।

## छोटी भन्सार हटाएको विरोधमा .............

रहेको उल्लेख गरे । साथै, उनले भन्सार हटाइएपछि तस्करी बढ्ने सम्भावना रहेको भन्दै सम्बन्धित निकायप्रति ध्यानाकर्षण गराएका छन्।

स्थानीय व्यापारी चन्देश्वर यादवका अनुसार भन्सार सञ्चालनका लागि १ कठ्ठा १७ धुर जग्गा स्थानीयबाट अनुदानमा उपलब्ध गराइएको थियो । उनका अनुसार उक्त भन्सारबाट मासिक ८ देखि १० लाख रुपैयाँसम्म राजस्व संकलन हुँदै आएको थियो। स्थानीय जिवछ साहले भन्सार हटेपछि सीमा क्षेत्रमा निगरानी कमजोर भई तस्करी बढ्ने खतरा रहेको भन्दै सरकारलाई समयमै निर्णय सच्याउन आग्रह गरेका छन्। स्थानीय अगुवाहरूले माग सम्बोधन नभए थप सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन्।


# द सहारा लोन सेविंग्स को-आँपरेटिभ सोसाईटी लिमिटेड सेवा केन्द्र लहान, सिरहा

## ऋणीहरुको नामको ३५ (पैतिस) दिने म्याद पुर्जि

तपसिलमा उल्लेखित तपाई ऋणीहरुले यस संस्थाबाट निम्न उद्देश्यको लागी लिनु भएको ऋणको भाखा नाघिसकेको हुँदा सो ऋण बुझाउन पटक पटक ताकेता पत्र पठाई सकिएकोमा हाल सम्म पनि सो ऋण र समय समयमा बुझाउनु पर्ने ब्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन बमोजिम यो पैतिस दिने म्याद पुर्जि जारी गरिएको छ। उक्त म्याद पुर्जि पाएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको ब्याज हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला। यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला। तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरिसकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन नियमावली बमोजिम लिलाम बिक्री गरी ऋण रकम, ब्याज, हर्जाना र लिलामी बिक्री गर्दा लागेको सम्पूर्ण खर्च समेत तपाईबाट असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| सि.नं. | ऋणी संख्या | ऋणीको नाम, थर | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | हाल परिवर्तित | | २०८३ जेठ ११ गते सम्म | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ठेगाना | वडा नं. | बाँकी सावा | ब्याज हर्जाना |
| १. | ००२३२०००९८५ | पनमा देवी कुमहार | मनक पंडित | राम किषुन पंडित | लहान | लहान | ४ | १९९०००.०० | १३२५५७.१३ |
| २. | ००२३२०००९८९ | माको देवी | राम लोचन | मोती मण्डल | लहान | लहान | ४ | १६५०००.०० | १०८१७८.६८ |
| ३. | ००२३२००१००२ | गिता देवी बरही | कमलदेव बरही | कमला बरही | धनगढी | धनगढीमाई | ११ | १९८०००.०० | १३०४६५.३२ |
| ४. | ००२३२००११९१ | राम जतन यादव | सुव नरायण यादव | धन्मन्ति यादव | सखुवानन्कारकट्टी | सखुवानन्कारकट्टी | ४ | ८०००००.०० | ३३७३०४.८४ |
| ५. | ००२३२००१२५७ | प्रमिला यादव | चिरन्जिवी यादव | चन्देश्वर प्रसाद यादव | खरुक्याही | लहान | २३ | ६९९०००.०० | २९५११९.१० |
| ६. | ००२३२००१२७१ | सम्पुर्णी कुमारी महतो | राम अवतार महतो | लक्ष्मी महतो | लहान | लहान | २ | ७५००००.०० | ३११०८९.८५ |
| ७. | ००२३२००१२७२ | भबिशेक कुमार | राम अवतार महतो | लक्ष्मी महतो | लहान | लहान | २ | ९९९०००.०० | ४१४६१९.६२ |
| ८. | ००२३२००१२७३ | दिपेन्द्र कुमार यादव | जागेश्वर यादव | राजदेव यादव | नवराजपुर | नवराजपुर | ४ | १००००००.०० | ४१५८९६.५७ |
| ९. | ००२३२००१२८२ | सुरेन्द्र कुमार सिंह | अवधेश कुमार सिंह | राम पृत | लहान | लहान | १ | १८५०००.०० | ७५२८५.७९ |
| १०. | ००२३२००१२८३ | कौशलेन्द्र नरायण राम | बद्रि नारायण राम | राजवल मोची | मुक्सार | गोलबजार | १ | १९४०००.०० | ७८२४९.४२ |
| ११. | ००२३२००१२८५ | किरण देवी | बिजय कुमार मण्डल | मुक्ति लाल मण्डल | लहान | लहान | ४ | १००००००.०० | ३११४८४.८६ |
| १२. | ००२CL००००२३ | विजय कुमार यादव | बद्रि नारायण यादव | पतासी यादव | सखुवानन्कारकट्टी | सखुवानन्कारकट्टी | ४ | २०००००.०० | ७४५०४.६६ |
| १३. | ००२CL००००६६ | हरि नरायण यादव | शिव लाल यादव | घुटर यादव | लहान | लहान | २ | ९९९०००.०० | २३६५३०.०३ |
| १४. | ००२CL००००९० | संजिव कुमार यादव | धनिक लाल यादव | केशवर यादव | बिधानगर | सुखीपुर | २ | १००००००.०० | २८९२८९.५६ |
| १५. | ००२CL००००९४ | अनन्द कुमार यादव | वोध नरायण यादव | श्री लाल यादव | तेनुवापट्टी | बरियारपट्टी | ४ | १००००००.०० | २९२२२१.२६ |
| १६. | ००२४१०००६१० | चिरन्जिवी यादव | चन्देश्वर प्रसाद यादव | अधिक लाल यादव | गाढा | लहान | २३ | ३५००००.०० | २२६७१३.८१ |
| १७. | ००२४१०००७८७ | विन्दा देवी यादव | जागेश्वर यादव | खटर यादव | कचनारी | बरियारपट्टी | १ | ३०००००.०० | १२६९९१.८६ |
| १८. | ००२४१०००७९२ | हसिना खातुन | मो. सुलेमान | मो. अमिर मियाँ | सितापुर प्र.ध. | लक्ष्मीपुर पतारी | ६ | ४९९०००.०० | २१०७७५.३२ |
| १९. | ००२४१०००७९५ | महेश कुमार महतो | जिवछ महतो | मिश्री लाल | लहान | लहान | २ | १००००००.०० | ४११७६६.४४ |
| २०. | ००२४१०००७९८ | प्रदिप कुमार यादव | हृदय नारायण यादव | रास लाल यादव | मौवाही | सखुवानन्कारकट्टी | १ | ४९९०००.०० | २०६९४६.५० |
| २१. | ००२४१०००८०१ | राज कुमारी देवी | जोगेन्द्र महतो | दर्प नारायण महतो | लहान | लहान | ८ | ५०००००.०० | २०५७२३.५२ |
| २२. | ००२४१०००८०६ | नथुनि यादव | घुरण यादव | सुकदेव यादव | ईनर्वा | भगवानपुर | ५ | ४५००००.०० | १८३४४२.३२ |
| २३. | ००२४१०००८०८ | घुरन यादव | सुकदेव यादव | मधु यादव | ईनर्वा | भगवानपुर | ५ | ९९९०००.०० | ४०९९०३.२३ |
| २४. | ००२PL०००००७५ | सुनम कुमारी यादव | विजय कुमार यादव | राम भरोष यादव | गोलबजार | गोलबजार | ८ | ६०००००.०० | १४१३८४.३२ |
| २५. | ००२PL००००८२ | चन्दा महतो | प्रविस कुमार महतो | राज लाल महतो | लहान | लहान | ६ | १००००००.०० | २५८२५१.८४ |

**नोट** :- १) साँवा तिर्न नसक्ने ऋणीहरुले ब्याज तथा हर्जाना बुझाई ऋण नविकरण गराउनु हुन जानकारी गराईन्छ।
२) ऋणको धितो वापत जग्गा धितोमा दिने मन्जुरनामावालाहरुले समय भित्र ऋण चुक्ता गर्न लगाउने व्यवस्था गर्नु होला अन्यथा धितो लिलाम हुने व्यहोरा जानकारी गराईन्छ।
३) राखेको धितोबाट संस्थाको सम्पूर्ण बाँकी रकम असुल उपर नभएमा अन्य जायजेथा बाट समेत रकम असुल उपर गरिने छ।

**द सहारा लोन सेविंग्स को-आपरेटिभ सोसाईटि लिमिटेड**
**सेवा केन्द्र लहान, सिरहा**
**फोन नं. ०३३-५६३००२**

# मधेश जनलोकपाल आयोगमा दुई सदस्य नियुक्त

अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ १२ गते

मधेश सरकारको बेकामे बनेको जनलोकपाल आयोगमा रिक्त दुई सदस्य नियुक्त गरिएको छ।

आयोगमा मधेश सरकारले महोत्तरीको औरही नगरपालिका-७ का संजीवकुमार झा र महोत्तरीको श्रीपुर-८ की सुजाता विमललाई सदस्यमा नियुक्त गरेको हो।




दुवै जनाले मंगलबार प्रदेश प्रमुख सुरेन्द्र लाभबाट पद तथा गोपनियताको शपथ लिएका छन्।

जनलोकपाल ऐन २०७७ अनुसार मुख्यमन्त्री, सभामुख र प्रतिपक्षी दलको नेताको सिफारिसमा आयोगको अध्यक्ष तथा सदस्यहरू प्रदेश प्रमुखले नियुक्त गर्ने व्यवस्था छ।

मुख्यमन्त्री लालबाबु राउतको पालामा २२ भदौ २०७८ मा अध्यक्षसहित तीन सदस्यीय आयोग गठन भएको थियो । तर गठन भएको साढे ४ वर्षमा आयोगको काम-कारबाही र प्रभावकारिता शून्य जस्तै छ।

सुशासन कायमको निम्ति गठन गरिएको जनलोकपाल आयोग बेकामे भएको भन्दै २०८१ पुसमा सदस्यद्वय राजकिशोर साह र शोभा महतोले पदबाट राजीनामा दिएका थिए । आयोगमा अध्यक्ष रामसहायप्रसाद यादव मात्रै थिए।

आयोग बेकामे बन्यो भनेर विगतमा सरकारले खारेजीको प्रयास समेत गरेको थियो । तर वर्तमान तीन दलीय गठबन्धन सरकारले थप पाँच वर्षका लागि दुई जना सदस्य नै नियुक्त गरेको छ।

राजनीतिक दलको कार्यकर्ता भर्ती केन्द्रका लागि स्थापना गरेको भन्दै आलोचना समेत हुँदै आएको छ। तर, त्यसको प्रवाह नगरी चार वर्षमा उपलब्धि शून्य दिने कार्यालयमा दुई सदस्य नियुक्त गरिएको छ।

## मधेशमा मन्त्रिमण्डलले पायो ...............

**कांग्रेसभित्र गगन समूहलाई 'सरप्राइज'**

मन्त्रिमण्डल विस्तारसँगै नेपाली कांग्रेसभित्रको आन्तरिक सन्तुलन मिलाउने प्रयास पनि गरिएको छ। कांग्रेस सभापति शेरबहादुर देउवा पक्षका मानिने स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल रायलाई सरकारबाट बाहिर निकाल्दै गगन थापा निकट मानिएका रौतहटका नागेन्द्र प्रसाद साहलाई मन्त्री बनाइएको छ।

नागेन्द्र प्रसाद साहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी दिइएको छ। कांग्रेसबाट वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरी र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा रहेका श्याम प्रसाद पटेलले निरन्तरता पाएका छन्।

**एमालेबाट समीरलाई भौतिक पूर्वाधार**

नेकपा एमालेबाट यसअघि विना विभागीय मन्त्रीको शपथ लिएका महम्मद समीरलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ।

त्यस्तै एमालेबाट शारदादेवी थापालाई श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी दिइएको छ भने लखन दासलाई समाज कल्याण तथा खेलकुद मन्त्रालय र मनोज सिंहलाई शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी दिइएको छ।

एमालेले प्रदेश सरकारमा प्रभावशाली मन्त्रालयसहित आफ्नो उपस्थिति बलियो बनाउने प्रयास गरेको देखिएको छ।

**नेकपाले पायो अर्थ मन्त्रालय**

नेकपा मधेश प्रदेश संसदीय दलका नेता युवराज भट्टराईलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको छ। अर्थ मन्त्रालयलाई लिएर सत्ता गठबन्धनभित्र सबैभन्दा बढी विवाद देखिएको थियो। अन्ततः नेकपाले उक्त मन्त्रालय आफ्नो भागमा पारेका छन्।

त्यस्तै जवाहरलाल कुशवाहालाई ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा र फकिरा महतोलाई गृह, सञ्चार तथा कानुन मन्त्रीको रुपमा यथावत् राखिएको छ।

प्रचण्ड समूहले तीन मन्त्रालय पाउँदा माधव नेपाल पक्षले भने एउटा मात्रै मन्त्रालयमा चित्त बुझाउनुपरेको छ। माधव पक्षबाट कनिष पटेल उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमै यथावत् राखिएका छन्।

गत वैशाख २२ गते जनमत पार्टी नेपालले नेपाली कांग्रेसका मुख्यमन्त्री कृष्ण प्रसाद यादव नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको थियो। त्यसपछि संघीय राजनीतिक समीकरण परिवर्तन भएसँगै कांग्रेस, एमाले र नेकपाबीच नयाँ सहकार्य बनेको हो।

नयाँ गठबन्धन निर्माणपछि सरकारको सहयात्री रहेको जसपा नेपालका तीन मन्त्रीलाई सरकारबाट बर्खास्त गरिएको थियो। त्यसयता मधेश सरकार विस्तारको प्रक्रिया लामो समयसम्म अन्योलमा परेको थियो।

हाल मधेश प्रदेशसभामा १०२ सदस्य कायम छन्। प्रदेशसभामा नेपाली कांग्रेसका २२, एमालेका २४, जनमत पार्टीका १२, नेकपाका १५, जसपा नेपालका २६ तथा नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टी र राप्रपाका १/१ सांसद रहेका छन्।

यसअघि प्रदेशसभामा १०७ सदस्य रहेकामा जसपा नेपालका अभिराम शर्मा र सरोजसिंह कुशवाहा निलम्बनमा छन्। जनमत पार्टीका सतीशकुमार सिंह, एमालेका पूर्वसभामुख रामचन्द्र मण्डल तथा नेकपाका भरतप्रसाद साह र रहवर अन्सारी प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेपछि प्रदेशसभा सदस्यबाट राजीनामा दिएका थिए।

यस्तै जसपा नेपालका रामअशिष यादव सभामुख रहेकाले उनको मत गणनामा समावेश हुने छैन।

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | PLI१०१०००६८७९ | बबिता कुमारी जयसवाल | टाँडी, ०२ सिन्धुली |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

# विपक्षीले संसद्मा प्रधानमन्त्री खोज्दा रोस्टममा जंगिए रास्वपा सांसद खरेल

अपन दैनिक संवाददाता
काठमाडौं, जेठ १२ गते

प्रतिनिधिसभा बैठकमा विपक्षी दलहरू निरन्तर प्रधानमन्त्री बालेन्द्र शाहको खोजी गरिरहेका छन्।

सरकार सञ्चालन र विद्यमान समसायीक विषयमा उठेका प्रश्नको जवाफ दिन प्रधानमन्त्री शाह संसद्मा उपस्थित हुनुपर्ने र जवाफ दिनुपर्ने माग गरिरहेका छन्। तर राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम वाचन गरिरहँदा संसद् बैठक छाडेर निस्किएका प्रधानमन्त्री शाह आजका मितिसम्म पनि संसद्मा उपस्थित भएका छैनन्।



त्यसपछि नीति तथा कार्यक्रम प्रस्तुत गर्दा होस् वा विधेयक अगाडी बढाउँदा विपक्षीहरू हरेक बैठकमा निरन्तर उनको खोजी गरिरहेका छन्।

सोमबारको बैठकमा पनि सभामुख डीपी अर्यालले पर्यटनमन्त्री खडक् पौड्याललाई पर्यटन विधेयक सैद्धान्तिक छलफलका लागि प्रस्तुत गर्न अनुमति दिए।

त्यसपछि विपक्षी सांसदहरूले उठेर विरोध जनाए। केही समय विपक्षी सांसद र सभामुखबीच सवाल जवाफ चल्यो। विपक्षीहरूले प्रधानमन्त्रीको खोजी गर्दै विरोध जारी राखेपछि सभामुखले उक्त विधेयकमाथि सैद्धान्तिक छलफललाई अघि बढाए। सोही क्रममा छलफलमा भाग लिन रोस्टममा पुगेका सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद जगदीश खरेल जंगिए।

उनले विधेयकमाथिको सैद्धान्तिक छलफलमा कम र विपक्षीको विरोधमा बढी समय खर्चिए। सरकारले आठ वटा अध्यादेश ल्याउनुको औचित्य पुष्टी भएको भन्दै उनले विपक्षीको विरोधलाई 'तमासा' गरेको भनिदिए।

'मलाइ आज आठ वटा अध्यादेश सरकारले किन ल्याउनुपर्‍यो भनेर गहिरोसँग महसुस भइरहेको छ मलाई। संसद् यसैगरी चलेर विगत १० वर्षदेखि हामीले, २०७२ सालमा संविधान बनेदेखि जति ऐन बनाउनुपर्ने थियो, त्यति किन बन्न सकेन भनेर यो तमासाले देखाइरहेको छ,' उनले भने, 'त्यसैले संसदीय तमासा हामीले जुन रूपमा देखाइ रहेका छौं, सधैं सकारात्मक मात्रै हुँदैन।'

उनको अभिव्यक्तिले फ्लोरमा विरोध गरिरहेका सांसदहरू झन् आक्रोशित बने। खरेलले उक्त अभिव्यक्ति दिइरहँदा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद नरेन्द्रकुमार केरूङ त रोस्ट्रमतर्फ अघि बढ्न खोजेका थिए। उनलाई दलकी प्रमुख सचेतक वासना थापाले रोकेकी थिइन्।

त्यसपछि सभामुख अर्यालले १५ मिनेटका लागि संसद्को कारवाही स्थगित गरे।

## सिरहासहित ७ जिल्लामा फैलियो दादुरा ...............

पुसमा माग गरिएकोमध्ये २ लाख डोज खोप प्राप्त गरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। तर, खोप लगाउनुपर्ने बालबालिकाको संख्या अत्यधिक भएकाले सीमित खोप कहाँ पठाउने भन्ने अन्योल छ।

'हामीले हालै दातृ निकायबाट २ लाख डोज दादुरा खोप प्राप्त गरेका छौं,' खोप शाखा प्रमुख डा. अभियान गौतमले भने, 'तर यी खोप कहाँ प्रयोग गर्ने भन्नेबारे छलफल भइरहेको छ, किनकि हाल प्राप्त डोज प्रकोप देखिएका सबै क्षेत्रका बालबालिकाका लागि पर्याप्त हुँदैन।'

दादुरा अत्यन्त संक्रामक रोग हो, जुन संक्रमित व्यक्तिको नाक र मुखबाट निस्कने श्वासप्रश्वासमार्फत सर्छ। खोप नलगाएका व्यक्तिहरूका लागि यो घातक पनि हुन सक्छ।

विशेषज्ञहरूका अनुसार सरकारको निरन्तर बेवास्ताका कारण नेपालमा जुनसुकै समयमा ठूलो रुपमा दादुरा प्रकोप फैलिन सक्छ। अहिले नेपालसहित दक्षिण-पूर्वी एसियाली देश भारत, म्यानमार, बंगलादेश लगायतमा यस रोगको ठूलो लहर देखिएको अधिकारीहरुले बताएका छन्। तर अन्य देशहरूमा भने मजबुत खोप प्रणालीका कारण मृत्यु र क्षति कम भएको छ।

उनीहरूका अनुसार बंगलादेशमा राजनीतिक परिवर्तनपछि बनेको अन्तरिम सरकारले नियमित खोप कार्यक्रमको संवेदनशीलता बुझ्न नसक्दा स्थिति बिग्रियो। २०२४ अगस्टमा अन्तरिम सरकार बनेपछि युनिसेफमार्फत खोप खरिद रोकिनु, खोपको अभाव हुनु, नियमित खोपमा ढिलाइजस्ता कारणले ठूलो प्रकोप फैलिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन्।

बंगलादेशमा दादुरा र त्यससँग मिल्दोजुल्दो लक्षणका कारण मृत्यु संख्या ५४५ पुगेको छ, २० हजारभन्दा बढी संक्रमित छन्। युनिसेफले पनि २०२४ को विद्यार्थी आन्दोलनका कारण उत्पन्न परिस्थितिका कारण खोपको पहुँच कमजोर बनाएको र ठूलो संख्यामा बालबालिका असुरक्षित बनेको बताएको छ।

'नयाँ सरकारले समयमै खोप खरिद नगरेको, खोप अभियानमा संलग्न करारका कर्मचारी ठूलो संख्यामा हटाएका कारण बंगलादेशमा अहिलेको समस्या देखिएको हो,' स्वास्थ्य सेवा विभागका एक अधिकारीले भने, 'हामी पनि बंगलादेशजस्तै अवस्थातर्फ गइरहेका छौं, किनकि सरकारले स्वास्थ्यकर्मी हटाएको छ र बारम्बार प्रकोप हुँदासमेत खोप खरिदमा ध्यान दिएको छैन।'

स्वास्थ्य अधिकारीहरूका अनुसार न त प्रकोपका लागि पर्याप्त खोप भण्डार छ, न आपतकालीन बजेट नै। विगतमा दातृ निकायहरूले आपतकालीन सहयोग दिने गरे पनि हाल ढिलाइ भइरहेको उनीहरूको भनाइ छ।

प्रकोप सुरु भएको महिनौं बितिसक्दा पनि खोप अभियान सञ्चालन नहुनु र दादुरा रोकथामको प्रभावकारी योजना नहुँदा नेपालको रोग नियन्त्रण प्रणालीमै गम्भीर कमजोरी देखिएको बाल स्वास्थ्य विज्ञहरू बताउँछन्।

'यदि दातृ निकायले समयमा खोप उपलब्ध गराउन सकेन भने पनि नागरिकको जीवन रक्षा गर्ने जिम्मेवारी सरकारकै हो,' खोपविज्ञ डा. श्यामराज उप्रेतीले भने, 'सरकार आफ्नो मुख्य जिम्मेवारीबाट उम्किन मिल्दैन।'

नियमित खोपमा पहुँच नपुग्नु, खोपबारे जनचेतनाको कमी र सरकारी निकायको उदासीनता दादुरा प्रकोपको प्रमुख कारण भएको विशेषज्ञहरू बताउँछन्। उनीहरूले आदिवासी, दलित तथा सीमान्तकृत समुदायमा खोप पहुँच बढाउन र आपतकालीन बजेट तथा खोप भण्डारण सुनिश्चित गर्न सुझाव दिएका छन्।

दादुराविरुद्धको खोप जन्मेको ९ महिना र १५ महिनामा दिइन्छ। नेपालभर सरकारी स्वास्थ्य संस्थामा यो खोप निःशुल्क उपलब्ध छ।

नेपालले सन् २०२६ सम्म दादुरा उन्मूलन गर्ने लक्ष्य राखेको थियो, तर अहिलेको प्रकोपले यो लक्ष्य प्रभावित भएको छ। यसअघि २०१९ र २०२३ मा दादुरा उन्मूलन गर्ने लक्ष्य पनि नेपालले पूरा गर्न सकेको थिएन। २०२२ र २०२३ मा पनि काठमाडौंसहित विभिन्न जिल्लामा दादुरा प्रकोप फैलिएको थियो।

दादुरा उन्मूलन घोषणा गर्न प्रतिवर्ष प्रति १० लाख जनसंख्यामा पाँचभन्दा कम केस हुनुपर्छ। यसको स्वतन्त्र अन्तर्राष्ट्रिय प्रमाणीकरण आवश्यक हुन्छ र लगातार तीन वर्ष नयाँ प्रकोप देखिनु हुँदैन।

डाक्टरहरूका अनुसार सबै उमेर समूहका मानिस यो रोगको जोखिममा हुन्छन्। विशेष गरी बालबालिका, गर्भवती, वृद्ध तथा कमजोर प्रतिरक्षा प्रणाली भएका व्यक्ति बढी जोखिममा हुन्छन्।

उच्च ज्वरो, नाक बग्नु, आँखा रातो हुनु र मुखभित्र सेता साना दाग देखिनु दादुराका लक्षण हुन्। यसले निमोनिया र इन्सेफलाइटिस जस्ता गम्भीर जटिलता पनि निम्त्याउँछ। जसले मृत्यु समेत हुन सक्छ।